नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# महेशपुर भन्सार कार्यालय

महेशपुर, नवलपरासी( ब.सु.प.)

भन्सार अधिकृत

**विषय-: सिलबन्दी बोलपत्रको माध्यमद्वारा वस्तुको लिलाम सम्बन्धी सार्वजनिक सूचना**

**पहिलो पटक सूचना प्रकाशित मिति-: २०८३/०१/२९**

भन्सार छली चोरी निकासी/पैठारी अभियोगमा यस कार्यालयमा प्रतिवेदन सहित दाखिला भएका तपसीलमा उल्लेखित मालबस्तु भन्सार ऐन, २०८२ बमोजिम जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले भन्सार ऐन, २०८२ को दफा ९२ दफा १ देहाय खण्ड ख तथा भन्सार नियमावली, २०८३ को नियम ८५(२) अनुसार यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, फर्म, कम्पनी र संस्थाबाट सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र तपसीलमा लेखिएका सर्तहरुको अधिनमा रही गोप्य सिलबन्दी बोलपत्र आब्हान गरिएको छ। बोलपत्र फारम कार्यालयको मुद्दा शाखाबाट खरीद गर्न सकिनेछ। साथै आफुले कबोल गरेको रकमको १०% ले हुन आउने रकम धरौटी महेशपुर भन्सार कार्यालयको नाममा रहेको प्रभु बैंक लिमिटेडको धरौटी खाता नं.२.९ महेशपुर भन्सार कोप ०५००१९९४७४०००२१ मा जम्मा गरी सो को सक्कल भौचर बोलपत्रसाथ पेश गर्नु पर्नेछ। अन्य व्यहोरा बुझ्न पर्ने भए कार्यालय समय भित्रत्र कार्यालयको मुद्दा शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ।

| क्र.सं. | मुद्दा नं | वस्तुको नाम र परिमाण | न्यूनतम मूल्य |
|---|---|---|---|
| १ | ५१५/२०८३/०१/२८ | काँचो कफि दाना-४५० केजी, Air pod Pro लेखेको AIRBUDS-880PCS, MOBILE TEMPER GLASS-17870 PCS, T900 ULTRA SMART WATCH-190 PCS, T800 ULTRA SMART WATCH-490 PCS, मोबाईल राख्ने प्लाष्टिकको झोला, १००० थान, स्टिकर (मोवाईलमा टाँस्ने)- १०००थान, लेडिज सुट-२२० थान, जेन्स जिन्स र कटन पाईन्ट-१३८ थान, साडी (धोती) -१७० थान, फाईवर ब्याग-१३०० थान। | ३२,०६,२००।० |

१. बोलपत्रको सूचना प्रकाशित भएको मितिले पन्ध्रौं दिन (२०८३/०२/१२ गते) सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समयमा विहान १०:०० देखि १६ बजे सम्म रु.१००० बुझाई (फिर्ता नहुने गरी) कार्यलयबाट बोलपत्र खरिद गर्न सकिने छ। कार्यालयबाट बिक्री नभएको तथा जुन बोलपत्र नम्बरको बोलपत्र

भन्सार अधिकृत

खरिद गरेको हो सोहि बोलपत्र जस्को नाममा जारि भएको हो सोहि ब्यक्ति वा फर्म वा कम्पनी बाहेक अन्यले बोलपत्र पेश गर्न सक्ने छैन।

२. बोलपत्र फाराम खरिदको लागि रु. १० को टिकट टाँसी फर्म दर्ता प्रमाणपत्र, मू.अ. कर दर्ता प्रमाणपत्र र अन्त:शुल्क दर्ता प्रमाणपत्र समेतको प्रतिलिपि,प्रोप्राईटर/सञ्चालकको नेपाली नागरिकता प्रमाणपत्रको पतिलिपि सहितको निवेदन यस कार्यालयमा पेश गर्नुपर्ने छ।

३. बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र फाराममा सहि छाप गरेको हुनुपर्ने , अन्यथा बोलपत्र रद्ध गरिने छ।

४. कबोल गरेको रकमलाई अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ अन्यथा बोलपत्र रद्द गरिने छ।

५. बोलपत्र दाखिला गर्दा बोलपत्र नं, बोलपत्र दाताको नाम थर, ठेगाना, फोन नं लेखि खाममा लाहाछाप लगाई सिलबन्दी/खामबन्दी गरी पेश गर्नुपर्ने छ।

६. सूचना प्रकाशिन भएको मितिले पन्ध्रौ दिन (२०८३/०२/१२) गते कार्यालय समयभित्र खरिद गरिएका बोलपत्र फाराम सोह्रौं (२०८३/०२/१३गते) दिन (सार्वजनिक विदा परेमा सो को भोलिपल्ट) दिउँसो १३:०० सम्म यस कार्यालयमा दर्ता गर्नुपर्ने छ। दर्ता हुन आएका सिलवन्दी बोलपत्र फाराम सोही दिन १५:०० वजे बोलपत्र मूल्याङ्कन गर्ने कार्यालयका प्रतिनिधिहरु र बोलपत्र पेश गर्ने प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र खोलिने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेपछी सोही समयमा खोलिने छ।

७. कुनै शर्त राखि पेश गरेको बोलपत्र मान्य हुने छैन।

८. बोलपत्र स्वीकृत भएको मितिले ७ दिन भित्र आफुले कवोल गरेको वस्तुको कवोल मूल्य र सो मा प्रचलित नियमानुसार लाग्ने कर समेत दाखिला गरी वस्तु उठाई लैजानुपर्ने छ। सात दिन भित्र आफुले कवोल गरेको रकम दाखिला गरी वस्तु उठाई नलगेमा निजको धरौटी जफत गरी निज भन्दा क्रमश:घटी कबोल गर्ने दोस्रो तेस्रो र चौथोलाई प्राथमिकता दिईने छ। साथै सो अनुसार लिलाम हुन नसकेमा धरौटी रकम जफत गरी पुन:लिलामको कारवाही अगाडी बढाईने छ।

९. वस्तुको भौतिक अवस्था हेर्न चाहेमा यस कार्यालयमा आएर कार्यालय समयभित्र हेर्न बुझ्न सक्नु हुनेछ। बोलपत्र कागजात खरिद गर्नेहरुले मात्र वस्तु हेर्न सक्नेछन्।

१०.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन:लिलामको सूचना प्रकाशित गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ।

११.बोलपत्रदाताले आ.व. २०८१/८२ को कर चुक्ताको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्ने छ।

१२.यसमा नपरेका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछन्।

..................

भन्सार अधिकृत